# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम,चितवन

## नगर कार्यपालिका बैठक निर्णय

| बैठक संख्या: | ५७ | समय: | दिउसो: २.०० बजे मिति: | २०८२/०९/०१ |
|---|---|---|---|---|
| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | |
| १ | प्रशासन शाखा | कालिका नगरपालिकाको दोश्रो कार्यकालको आठौं नगरसभा (हिउँदे अधिवेशन) सञ्चालन सम्बन्धमा। | कालिका नगरपालिकाको दोश्रो कार्यकालको आठौं नगरसभा (हिउदे अधिवेशन) बैठक मिति २०८२ साल पौष २५ गते दिनको १.०० महिला सञ्जाल भवन कालिका -२ मा आयोजना गर्ने निर्णय गरियो। | |
| २ | योजना शाखा | कालिका नगरपालिका उपर दर्ता भएका मुद्धाहरुको मस्यौदा लेखन र बहस पैरवीका लागि बजेट सम्बन्धमा। | कालिका नगरपालिका उपर दर्ता भएका मुद्धाहरुको मस्यौदा लेखन र बहस पैरवीका लागि बजेट सेवा परामर्श खर्च शीर्षक २२४११ बाट खर्च लेख्ने निर्णय गरियो | |
| ३ | आर्थिक प्रशासन शाखा | वारुणयन्त्र संचालको रकम भूक्तानी सम्बन्धमा। | खैरहनी नगरपालिका,खैरहनी चितवनको पत्रानुसार चितवन जिल्लाका चार वटा नगरपालिकाहरु (रत्ननगर नगरपालिका,कालिका नगरपालिका,खैरहनी नगरपालिका र राप्ती नगरपालिका) को संयुक्त रुपमा सञ्चालन हुदै आएको बारुणयन्त्रको लागि वारुणयन्त्र सञ्चालन एवं व्यवस्थापन उप-समितको निर्णयानुसार आ.व. २०८२/०८३ को लागि कालिका नगरपालिका,चितवनबाट रु.४,०००००/ (अक्षरुपी चार लाख रुपयाँ मात्र) व्यहोर्ने निर्णय भएको भनि लेखि आएको हुँदा खर्च शिर्षक नं.२२४१९ बाट रु.४,०००००/ (अक्षरुपी चार लाख रुपयाँ मात्र) खर्च लेखि खैरहनी नगरपालिकामा पठाउने निर्णय गरियो। | |
| ४ | योजना शाखा | कालिका फुटबल मैदान स्तरोन्ती कालिका -८ को कार्य सञ्चालन उपभोक्ता समिति मार्फत गर्ने सम्बन्धमा। | कालिका नगरपालिका वडा नं ८ मा रहेको कालिका फुटबल मैदान स्तरोन्तीको लागि आर्थिक बर्ष २०८२/०८३ मा नेपाल सरकार समानिकरण अनुदान, बिनियोजित खर्च शिर्षक नम्बर ३११५९ योजनाको कार्य उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने सम्बन्धमा। | |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७२

देवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख